**भारतीय राजदूतावास**
**काठमाडौँ**

## प्रेस विज्ञप्ति

## नेपालको कोशी प्रदेशको मोरङ्गमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको उद्घाटन

भारत सरकारको आर्थिक सहयोगमा नेपालको कोशी प्रदेश अन्तर्गत मोरङ्ग जिल्लाको सुन्दरहरैँचा नगरपालिका-७, गोठगाउँस्थित श्री पञ्चायत माध्यमिक विद्यालयको विद्यालय भवनको आज कोशी प्रदेशका माननीय मुख्यमन्त्री श्री हिक्मतकुमार कार्की, काठमाडौँस्थित भारतीय राजदूतावासका प्रथम सचिव श्री नारायण सिंह र सुन्दरहरैँचा नगरपालिका, मोरङ्गका मेयर श्री केदार प्रसाद गुरागाईले संयुक्त रुपमा उद्घाटन गर्नुभयो ।

२. श्री पञ्चायत माध्यमिक विद्यालयको विद्यालय भवन निर्माण कार्य उच्च प्रभाव सामुदायिक विकास परियोजनाका रुपमा अघि बढाइएको थियो । यो परियोजना मोरङ्गको सुन्दरहरैँचा नगरपालिकामार्फत कार्यान्वयन गरिएको थियो ।

३. कोशी प्रदेशका माननीय मुख्यमन्त्री तथा अन्य सरोकारवालाहरुले भारत सरकारद्वारा प्रदान गरिँदै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो। वहाँहरुले नयाँ पूर्वाधारले मोरङ्गको सुन्दरहरैँचा नगरपालिकाका विद्यार्थी तथा शिक्षकहरुको सिकाइ वातावरणलाई अझ सुदृढ बनाउन मद्दत गर्ने बताउनुभयो ।

४. उच्च प्रभाव सामुदायिक विकास परियोजना कार्यक्रमको सुरुवात भएयता विभिन्न क्षेत्रहरुमा भारत सरकारद्वारा नेपालका सबै ७ वटै प्रदेश र ७४ वटा जिल्लाहरु समेट्ने गरी ६०५ वटा परियोजनाहरु सञ्चालन गरिएका छन् । यसमध्ये मोरङ्ग जिल्लामा १७ वटा परियोजना सहित

कोशी प्रदेशमा १०३ वटा परियोजनाहरु रहेका छन् । यसका अतिरिक्त, भारत सरकारले मोरङ्ग जिल्लामा २१ वटा एम्बुलेन्स र १७ वटा स्कुल बस सहित कोशी प्रदेशका स्वास्थ्य तथा शिक्षा क्षेत्रमा कार्यरत विभिन्न संस्थाहरुलाई १५० वटा एम्बुलेन्स र ६२ वटा स्कुल बस उपहारस्वरुप प्रदान गरेको छ ।

५. नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले प्राथमिकताका क्षेत्रहरुमा पूर्वाधार विकास गर्नुका साथै विकास र समृद्धिलाई प्रवर्द्धन गर्ने नेपाल सरकारको प्रयासलाई सुदृढ पार्न भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

काठमाडौं
२०८३ आश्विन २०